# स्थानीय राजपत्र

कालिञ्चोक गाउँपालिकाद्वारा प्रकाशित

| खण्डः९ | संख्याः १ | ३० बैशाख, २०८३ |
|---|---|---|


## भाग २

**कालिञ्चोक गाउँपालिका**

**नेपालको संविधानको धारा २१५ बमोजिमको गाउँ कार्यापालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधिसर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

संवत् २०८३ सालको कार्यविधि संख्या १

### " कृषि हानिकारक वन्यजन्तु व्यवस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३"

**प्रस्तावनाः** कृषिमा व्यवसायीकरण भईरहेको बेला कृषि हानिकारक वन्यजन्तुको सङ्ख्यामा अत्यधिक वृद्धि भई हाल आएर जङ्गली रातो कृषि हानिकारक वन्यजन्तुबाट कालिन्चोक गाउँपालिकाको विभिन्न स्थानमा अन्नबाली, फलफूल, तरकारी नष्ट हुन थालेकोले कृषि हानिकारक वन्यजन्तु व्यवस्थापनलाई सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले, कालिन्चोक गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम "कृषि हानिकारक वन्यजन्तु व्यवस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ रहेको छ।

(२) यो कार्यविधि कालिन्चोक गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा;

(क) "आवेदक वा प्रस्तावक" भन्नाले कृषि हानिकारक वन्यजन्तु व्यवस्थापन गर्ने उद्देश्यले अनुदान रकम माग गर्न गाउँपालिकामा प्रस्ताव पेस गर्न ईच्छुक दस जना वा सो भन्दा बढीको समूह वा संस्था सञ्चालन गर्ने निकाय सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले कृषि हानिकारक वन्यजन्तु व्यवस्थापन कार्यक्रम सम्बन्धी स्वीकृत वार्षिक कार्यक्रम र बजेट सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले कालिन्चोक गाउँपालिका सम्झनु पर्छ।

(घ) "शाखा" भन्नाले कृषि तथा पशुपन्छी विकास शाखा सम्झनु पर्छ।

(ङ) "कृषि हानिकारक वन्यजन्तु व्यवस्थापन" भन्नाले विभिन्न स्थानमा अन्नबाली, फलफूल, तरकारी आदि नष्ट गर्ने कृषि हानिकारक वन्यजन्तुहरुको व्यवस्थापन सम्झनु पर्छ।

(च) "अध्यक्ष" भन्नाले कालिन्चोक गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

(छ) "उपाध्यक्ष" भन्नाले कालिन्चोक गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ।

(ज) "मूल्याङ्कन समिति" भन्नाले दफा ४ अनुसार गठित समिति सम्झनु पर्छ।

(झ) "समूह" भन्नाले कृषि हानिकारक वन्यजन्तु व्यवस्थापन गर्ने गाउँपालिकामा गठित दश जना वा सो भन्दा बढीको समूह वा संस्था सञ्चालन गर्ने निकाय सम्झनु पर्छ।

३. **उद्देश्यः** कृषि हानिकारक वन्यजन्तु व्यवस्थापन कार्यक्रम सञ्चालनको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) कृषि हानिकारक वन्यजन्तुबाट तरकारी, फलफूल र अन्नबालीमा हुने हानी नोक्सानीलाई न्यूनीकरण गर्न,

(ख) कृषि हानिकारक वन्यजन्तु नियन्त्रण गरी कृषि उत्पादनमा वृद्धि गर्ने,

(ग) युवाहरुलाई कृषि हानिकारक वन्यजन्तु व्यवस्थापन तालिम तथा रोजगारीको अवस्था सिर्जना गर्ने,

(घ) कृषि हानिकारक वन्यजन्तु नियन्त्रण गरी कृषकलाई कृषि पेशामा लाग्न प्रोत्साहन गर्ने।

(ङ) मानव-कृषि हानिकारक वन्यजन्तु द्वन्द्व कम गर्न सम्बन्धित कृषि तथा पशु अधिकारकर्मीसँग छलफल तथा अन्तरक्रिया गर्ने।

## परिच्छेद -२
## संस्थागत व्यवस्था

४. **मूल्याङ्कन समितिः** प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी स्वीकृतिका लागि गाउँपालिकामा पेस गर्न तपसिल बमोजिमको मूल्याङ्कन समिति रहने छः-

| | |
|---|---|
| गाउँपालिका उपाध्यक्ष | संयोजक |
| आर्थिक विकास समितिको संयोजक | सदस्य |
| पशुपन्छी विकास शाखा प्रमुख | सदस्य |
| सामाजिक सङ्घ/संस्था/समूहको प्रतिनिधि १ जना | सदस्य |
| सव डिभिजन वन कार्यालयको प्रतिनिधी १ जना | सदस्य |
| सामुदायिक वन समूहको प्रतिनिधी १ जना | सदस्य |
| कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

**नोटः** समितिले आवश्यक ठानेमा बढिमा २ जना विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

५. **अनुगमन तथा मूल्याङ्कनः** यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गाउँपालिकास्तरीय अनुगमन तथा मूल्याङ्कन समितिले सम्बन्धित वडाका वडा अध्यक्षको प्रत्यक्ष संग्लग्नतामा आवश्यकता अनुसार गर्न सक्नेछन्।

## परिच्छेद-३
## कार्यक्रम सञ्चालन प्रक्रिया

६. **कार्यक्रम सञ्चालनः** यो कार्यक्रम आवश्यकता अनुसार विभिन्न वडाहरुमा सञ्चालन गरिनेछ।

७. **प्रस्ताव आह्वानः**

(१) गाउँपालिकाले यस अनुदान कार्यक्रममा सहभागी हुन ईच्छुक समूहलाई लक्षित गरी प्रस्ताव पेस गर्न १५ दिनको म्याद राखी अनुसूची -१ बमोजिम सूचना प्रकाशन गर्नेछ। माग अनुसारको प्रस्ताव नपरेमा गाउँपालिकाले पूनः प्रस्ताव आह्वान गर्न सक्नेछ।

(२) कम्तीमा दस जना सदस्य भएको समूहबाट ५ (पाँच) हेक्टर क्षेत्रफलको बालीमा कृषि हानिकारक वन्यजन्तुबाट हुने क्षति न्यूनीकरण हुने गरी कार्ययोजना पेस गर्नु पर्नेछ।

८. **प्रस्ताव दर्ताः** कृषि हानिकारक वन्यजन्तु नियन्त्रण गर्न ईच्छुक समूहले दफा ७ को उपदफा (१) बमोजिमको समय अवधि भित्र अनुसूची-२ बमोजिम आवेदन साथ अनुसूची-३ बमोजिम कार्ययोजना संलग्न गरी गाउँपालिका वा गाउँपालिकाले तोकेको कार्यालयमा प्रस्ताव दर्ता गर्नु पर्नेछ।

९. **प्रस्तावक समूहको छनौटः** प्रस्तावक समूहको छनौट प्रक्रिया देहाय बमोजिम हुनेछः-

(१) मूल्याङ्कन समितिले अनुसूची-४ बमोजिम मापदण्डका आधारमा समूह र सम्बन्धित समूहको प्रस्तावित कार्ययोजना छनौट गरी स्वीकृतका लागि गाउँपालिकाको कार्यालयमा पेस गर्नु पर्नेछ।

(२) प्रस्ताव आह्वानको म्याद सकिएको मितिले बढिमा १५ (पन्ध्र) दिन भित्र प्रस्तावहरु स्वीकृत हुनु पर्नेछ।

(३) आवेदक समूह/संस्थाको प्रस्ताव छनौट बारे उजुरी गर्न ७ दिनको समय उपलब्ध गराईनेछ।

(४) उपदफा (३) बमोजिमको अवधिमा कुनै दाबी बिरोध परेमा सो को सम्बोधन गरी स्वीकृत प्रस्तावहरु सबैको जानकारीको लागि कार्यालयको वेबसाईटमा प्रकासन गर्नु पर्नेछ।

(५) उपदफा (२) बमोजिम प्रस्ताव छनौट गर्दा मूल्याङ्कन समितिले अधिकतम् लागत साझेदारी गर्न प्रस्ताव गर्ने प्रस्तावकलाई प्राथमिकता दिनुपर्नेछ। न्यूनतम् ३० प्रतिशत भन्दा कम लागत साझेदारी प्रस्ताव गर्ने समूह/संस्था छनौट गर्न सक्ने छैन।

१०. **प्रस्तावकलाई जानकारीः** छनौट भएको समूहलाई गाउँपालिकाले निर्णय भएको मितिले ७ दिनभित्र जानकारी गराउनु पर्नेछ।

११. **सम्झौता**

(१) प्रस्ताव स्वीकृत भएका समूहहरुले जानकारी प्राप्त गरेको १५ दिनभित्र अनुसूची-५ बमोजिम सम्झौता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको समयभित्र सम्झौता गर्न नआएमा निकटतम वैकल्पिक प्रस्तावदातासँग सम्झौता गर्न सकिने छ।

## परिच्छेद - ४
## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

**१२. यस कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको कृयाकलापहरु हुनेछः**

| क.सं. | क्रियाकलापहरु |
|---|---|
| १ | कृषि हानिकारक वन्यजन्तु व्यवस्थापनका लागि आवश्यक मेशिनरी तथा लजिस्टिक सामग्री खरिद |
| २ | कृषि हानिकारक वन्यजन्तु व्यवस्थापनका लागि सरोकारवालालाई तालिम तथा पशु अधिकारकर्मीसँग अन्तरक्रिया कार्यक्रम |
| ३. | कृषि हानिकारक वन्यजन्तुलाई प्राकृतिक वासस्थानमै भुलाउन वासस्थान वरिपरि भूगोल, माटो, हावापानी अनुकुलित  आहार तथा कृषि हानिकारक वन्यजन्तुलाई मन पर्ने विभिन्न फलफूलका बिरुवा रोपण तथा बिस्तार |
| ४. | गाउँपालिकास्तरीय अनुगमन समितिको सिफारिसमा वडा कार्यालयसँग समन्वय गरी कृषि हानिकारक वन्यजन्तु हेरालु जनशक्तिको ज्याला निर्धारण |
| ५. | कृषकसँग समन्वय गरी सम्बन्धित वडाले कृषि हानिकारक वन्यजन्तु हेरालु सिफारिस गर्ने |
| ६. | वन्यजन्तु व्यवस्थापन सम्बन्धी कानूनी विषय बारेमा विज्ञटोलीद्वारा तालिम तथा अन्तरक्रिया |

**१३. भुक्तानीको लागि पेस गर्नुपर्ने** : समूहले सम्झौता अनुरुप क्रियाकलाप सञ्चालन गर्दा भए गरेका खर्चको भुक्तानी पाउन आवश्यक बिल/भर्पाई र कागजात संलग्न राखी गाउँपालिकामा निवेदन पेस गर्नु पर्नेछ।

**१४. प्रचलित कानुन बमोजिम हुने :** यस कार्यक्रमको लेखा, लेखाङ्कन, लेखापरीक्षण तथा आर्थिक कारोबार सम्बन्धी अन्य व्यवस्था प्रचलित ऐन/नियम अनुसार हुनेछ।

## परिच्छेद - ५
## विविध

**१५. प्रगति विवरण पठाउने**

(१) कृषि हानिकारक वन्यजन्तु व्यवस्थापन कार्यक्रम गर्ने समूहले कार्य सम्पन्न नभएसम्म त्रैमासिक रुपमा प्रगति प्रतिवेदन गाउँपालिकामा पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन त्रैमासिक रुपमा सम्बन्धित शाखा मार्फत मूल्याङ्कन समितिमा पेस गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त प्रतिवेदन समितिमा छलफल गरी अर्धवार्षिक रुपमा गाउँ कार्यपालिकामा छलफलको लागि पेस गर्ने दायित्व मूल्याङ्कन समितिको हुनेछ।

**१६. संशोधन र खारेजः** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा आइपरे गाउँ कार्यपालिकाले आवश्यकता अनुसार संशोधन र खारेज गर्न सक्नेछ।

**१७. प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका कुरामा यसै कार्यविधि र अन्यमा प्रचलीत कानुन बमोजिम हुनेछ।

# अनुसूची - १

## (दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

## कृषि हानिकारक वन्यजन्तु व्यवस्थापन कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः .........................

आर्थिक वर्ष .................... को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार कृषि हानिकारक वन्यजन्तु व्यवस्थापन कार्यक्रम रहेकोले उक्त कार्यक्रममा सहभागी हुन इच्छुक समूहबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिनभित्र तोकिए अनुसारको आवेदन र प्रस्तावित कार्ययोजना सहित गाउँपालिका वा वडा कार्यालयमा दरखास्त दिनु हुन सूचित गरिन्छ। आवेदनका साथ तपसिल अनुसारका कागजातहरु संलग्न राखी, थप जानकारीको लागि गाउँपालिका वा वडा कार्यालयमा सम्पर्क गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**तपसिलः**

१. आवेदन पत्र,
२. सहभागी सबैको नेपाली नागरिकताको प्रतिलिपि,
३. कृषि हानिकारक वन्यजन्तु व्यवस्थापन गर्ने उद्देश्यले प्रस्ताव गरिएको प्रस्तावित कार्ययोजना,
४. कृषि हानिकारक वन्यजन्तु व्यवस्थापन पक्षमा निरन्तर कृयाशिल रहने प्रतिवद्धता पत्र,
५. क्रियाकलापमा सहभागी हुनेहरुको तालिम, अनुभव तथा शैक्षिक योग्यता,
६. संस्था दर्ता प्रमाण पत्र,
७. कृषि हानिकारक वन्यजन्तु प्रभावित क्षेत्रको फोटो,
८. उत्पादन भैरहेको खाद्यान्न बाली, फलफुल वा तरकारी बालीहरुको क्षेति विवरण र क्षति हुन सक्ने अनुमानित विवरण।

# अनुसूची -२
## (दफा ८ सँग सम्बन्धित)

## आवेदन-पत्र

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
कालिन्चोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुनखानी, दोलखा।

विषय : अनुदान सहयोग उपलब्ध गराई दिने बारे।

महोदय,

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति ........................ गते प्रकाशित सूचना अनुसार दरखास्त माग भए बमोजिम कृषि हानिकारक वन्यजन्तु व्यवस्थापन कार्यक्रममा सहभागी हुन इच्छुक भएकोले निम्नानुसार कागजात राखी संयुक्त निवेदन पेस गरेका छौं। अनुदान सहयोग प्राप्त भएमा शर्त अनुसार कार्य गर्ने प्रतिबद्धता समेत जाहेर गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

**तपसिलः**

१. आवेदन पत्र,
२. सहभागी सवैको नेपाली नागरिकताको प्रतिलिपि,
३. कृषि हानिकारक वन्यजन्तु व्यवस्थापन गर्ने उद्देश्यले प्रस्ताव गरिएको प्रस्तावित कार्ययोजना,
४. कृषि हानिकारक वन्यजन्तु व्यवस्थापन पक्षमा निरन्तर कृयाशिल रहने प्रतिवद्धता पत्र,
५. कृयाकलापमा सहभागी हुनेहरुको तालिम, अनुभव तथा शैक्षिक योग्यता,
६. संस्था दर्ता प्रमाण पत्र,
७. कृषि हानिकारक वन्यजन्तु प्रभावित क्षेत्रको फोटो,

८. उत्पादन भैरहेको खाद्यान्न बाली, फलफुल वा तरकारी बालीहरुको क्षेति विवरण र क्षति हुन सक्ने अनुमानित विवरण।

निवेदक

दस्तखतः

मितिः

नामः

पदः

## अनुसूची - ३
## (दफा ८ सँग सम्बन्धित)

### समूहले पेस गर्नु पर्ने कार्ययोजना विवरण

कार्यक्रमको नामः

समूहको नामः

ठेगानाः

मितिः

(रकम रु. हजारमा)

| क.सं. | क्रियाकलाप | लगानी रु. |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| | जम्मा | |

**निवेदक**

दस्तखतः

मितिः

नामः

पदः

समूहको छापः

## अनुसूची -४
## (दफा ९ को खण्ड (क) सँग सम्बन्धित)

## कृषि हानिकारक वन्यजन्तु व्यवस्थापन कार्यक्रमका लागि समूह छनौट गर्दा अपनाईने मूल्याङ्कनका आधारहरु

१. आवेदक समुहको नामः

२. कृषि हानिकारक वन्यजन्तु प्रभावित क्षेत्रको ठेगानाः

३. प्रस्तावित कार्ययोजनाको नामः

४. मूल्याङ्कनका आधारहरुः

| क्र.सं. | विवरण | भार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| **१.** | **कृषि हानिकारक वन्यजन्तुबाट हुने गरेको क्षति उत्पादनको आधारमा** | **२५** | | |
| १.१ | उत्पादनको ८० प्रतिशत भन्दा बढी क्षति पुऱ्याउने गरेको | २५ | | |
| १.२ | ५० प्रतिशतदेखि ८० प्रतिशतसम्म क्षति पुऱ्याउने गरेको | २० | | |
| १.३ | ५० प्रतिशत भन्दा कम क्षति पुऱ्याउने गरेको | १८ | | |
| **२** | **कृषि हानिकारक वन्यजन्तुबाट हुने गरेको क्षति क्षेत्रफलको आधारमा** | **१०** | | |
| २.१ | ५ हेक्टर भन्दा वढी | १० | | |
| २.२ | १ हेक्टरदेखि ५ हेक्टरसम्म | ७ | | |
| **३** | **कृषि हानिकारक वन्यजन्तु व्यवस्थापन गर्ने सम्बन्धी समूहको निर्णय प्रतिलिपी संलग्न गरिएमा** | **२०** | | |

| | | | | |
|---|---|---|---|---|
| ४<br>५ | कृषि हानिकारक वन्यजन्तु व्यवस्थापन गर्ने जनशक्तिको सुनिश्चितता<br>(कृषि हानिकारक वन्यजन्तुको आरक्षण निकाय (चिडियाखाना/ राष्ट्रिय निकुञ्ज/सामूदायिक वन/उपभोक्ता समिति आदि) ले समूहसँग कृषि हानिकारक वन्यजन्तु व्यवस्थापन गर्न प्रतिवद्धता जाहेर गरेको पत्रको प्रतिलिपी संलग्न गरिएमा) | १०<br>२० | | |
| ६ | **संलग्न कार्ययोजनाको स्तर** | **१५** | | |
| | उत्तम | १५ | | |
| | मध्यम | १२ | | |
| | सामान्य | १० | | |
| | **जम्मा** | **१००** | | |

<u>**नोटः**</u> मूल्याङ्कनको क्रममा न्यूनतम ५० भन्दा बढी अङ्क प्राप्त गरेका आवेदकहरुलाई मात्र छनौटको लागि सिफारिस गर्नु पर्नेछ। वार्षिक कार्यक्रम र बजेट भन्दा बढी छनौट भएमा बढी अङ्क प्राप्त गर्नेलाई सिफारिस गर्नु पर्नेछ। साथै समान अङ्क प्राप्त गरेमा लागत सहभागिता रकम बढी प्रस्ताव गरेकोलाई प्राथमिकता दिइने छ।

## अनुसूची -५
## सडक (दफा ११ को उपदफा (१) सँग सम्बन्धित)
## सम्झौता-पत्र

आर्थिक वर्ष ................ मा सञ्चालन हुने कृषि हानिकारक वन्यजन्तु व्यवस्थापन कार्यक्रमका लागि कालिन्चोक गाउँ कार्यपालिकाको कार्यालय (यसभन्दा पछाडी प्रथम पक्ष भनिने) र छनौट भएको ................................ समूह, (यसभन्दा पछाडी दोश्रो पक्ष भनिने) बीच तपसिलका शर्तनामाको अधिनमा रहि कार्यक्रम सञ्चालन गर्न द्वि-पक्षीय सम्झौता भएको छ।

**शर्तनामाहरुः**

१. प्रथम पक्षले दोश्रो पक्षलाई कृषि हानिकारक वन्यजन्तु व्यवस्थापन कार्यक्रम सञ्चालनका लागि बढीमा दुई किस्तामा अनुदान रकम बैङ्क खातामा जम्मा गरी उपलब्ध गराउने छ। अनुदान रकम प्राप्त गर्न दोश्रो पक्षले अनिवार्य रुपमा विल/भर्पाई पेस गर्नु पर्नेछ।

२. दोश्रो पक्षबाट अनुदान रकमको दुरुपयोग भएको पाईएमा प्रथम पक्षले साँवा र सोको असुल उपरको लागि प्रचलित कानुन बमोजिम आवश्यक कारबाही गर्नेछ।

३. तोकिएको प्राविधिक विषय वस्तुलाई दोश्रो पक्षले अनिर्वाय रुपमा पालना गर्नु पर्नेछ।

४. प्रथम पक्षले नियमित रुपमा दोश्रो पक्षको अनुगमन/निरीक्षण गर्नेछ।

५. दोश्रो पक्षले प्रथम पक्षलाई त्रैमासिक रुपमा प्रगति विवरण बुझाउनु पर्नेछ।

६. यस सम्झौतामा उल्लेखित काम गर्दा परी आउन सक्ने कुनै पनि भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयं हुनेछ।

७. सामुदायिक वन, गठित समूह र गाउँपालिकाबिचको साझेदारीमा समुदाय नजिकको जंगलमा कृषि हानिकारक वन्यजन्तुलाई मन पर्ने फलफूलका बिरुवा अनिवार्य रुपमा लगाउनु पर्नेछ।

८. कृषि हानिकारक वन्यजन्तु व्यवस्थापनको प्रस्ताव बमोजिम कुल लागतको बढीमा ७०% पहिलो पक्षले बेहोर्नेछ र न्यूनतम् ३०% दोस्रोले

बेहोर्नुपर्नेछ। बढी साझेदारी कबोल गर्ने प्रस्तावकहरुलाई पहिलो प्राथमिकता दिईनेछ।

९. दोस्रो पक्षले उपभोक्ता वन समिति वा सामुदायिक वनसँग समन्वय गरि निजी आवादी र जंगल आसपास बाहेकका अनावश्यक बोटबिरुवा, बुट्यान, झाडीहरु काँटछाँट गर्नुपर्नेछ।

१०. कुनै ब्याक्तिको जग्गा र सामुदायिक बन सिमानामा कृषिजन्य हानिकारिक जन्तु (कृषि हानिकारक वन्यजन्तु)को आवतजावतलाई सहज बनाउनका लागि यदि विभिन्न मानवनिर्मित कार्य गर्दा बाधा आईपरेमा उक्त कार्यलाई सहज बनाउनका लागि लाग्ने खर्च गाउँपालिका र सम्बन्धित जग्गा धनी वा समूहबीच साझेदारी रुपमा खर्च गर्नुपर्नेछ।

११. यस सम्झौतामा उल्लेख हुन छुटेका व्यहोरा प्रचलित ऐन नियम बमोजिम हुनेछ।

| **दोस्रो पक्षको तर्फबाटः** | **पहिलो पक्षको तर्फबाटः** |
|---|---|
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| नामः | नामः |
| पदः | पदः |
| | गाउँपालिकाको छापः |

**रोहबरः**

| | |
|---|---|
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| नामः | नामः |